बैठक संख्या -२३

मिति २०७२।०१।१८
बिहान ८ बजे

आज मिति २०७२।०१।१८ गते शुक्रवारका दिन धरान उप-महानगर पालिका कार्य संचालन समितिको बैठक बसी तपशिलका निर्णयहरु गरियो ।

उपस्थिती

श्री टीकादत्त राई - कार्यकारी अधिकृत धरान उप-महा नगर पा.

आमन्त्रित

श्री गणेशप्रसाद खतिवडा - व. प्रशासकिय अधिकृत

श्री- खगेन्द्र प्रसाद खतिवडा - व. कर अधिकृत

श्री सुरज श्रेष्ठ - व. इन्जिनियर

श्री- रमेश शाह - व. आ.ले.प.

श्री- शेषराज अधिकारी - व. लेखा अधिकृत

श्री सुनील नेपाल - सामाजिक विकास अ.

श्री राजु पोखरेल - ईन्जिनियर

निर्णयहरु :

(१) स्तरवृद्धि सम्बन्धमा : यस कार्यालयमा कार्यरत कार्यालय सहयोगी समकला पौडेलको स्थायी सेवा अवधि २०६१।०८।२४ देखी १४ वर्ष पुरा भई १५ वर्ष लागेकाले स्थानीय स्वायत्त शासन नियमावली २०५६ को नियम २२५ (ग) मा सहायक स्तर पहिलो तहको स्तर वृद्धि हुने व्यवस्था भए अनुसार उक्त नियमको ३ 'ग' बमोजिम सहायक स्तर पहिलो तहको तृतिय स्तरबाट चतुर्थ स्तरमा समयावधि पुगेकै मिति देखि लागु हुने गरी स्तर वृद्धि गर्ने निर्णय गरियो ।

(२) प्रकोप व्यवस्थापन कोषबाट खर्च गर्ने सम्बन्धमा : यहि वैशाख १२ गते नेपालमा गएको महा भुकम्पमा परी खासगरी काठमाण्डौ र वरपरका क्षेत्रमा भएको धनजनको ठुलो क्षतिप्रति गहिरो दुःख व्यक्त गर्दै धरानबाट काठमाण्डौ गई बसेका र तत्काल घर फर्कन चाहने नगरवासीहरुको सुविधाका लागि धरान उपमहानगरपालिकाको तर्फबाट कोशी बस व्यवसायी संघको मातहतका पाँचवटा बसहरु काठमाण्डौ पठाई आउन चाहने (धरान) धरानवासीहरुलाई निःशुल्क सेवा दिई धरान ल्याइने व्यवस्था तत्कालै गर्ने र सो बापत २०७२।१।१६ मा राजनितिक दलहरु समेतको बैठकमा भएको सहमती अनुसार प्रति बसको रु -

३२,०००/- (बत्तिस हजार मात्र) का दरले प्रकोप व्यवस्थापन कोषबाट खर्च गर्ने निर्णय गरियो ।

निर्णय नं. ३ - प्रकोप व्यवस्थापन कोषलाई व्यवस्थापन गर्ने सम्बन्धमा— यस नगरपालिकाले बाढी नियन्त्रण लगायत प्रकोप व्यवस्थापनका लागि विनियोजित गरेको बजेट खर्च गर्दा अबदेखि प्रकोप व्यवस्थापन कोषमा लगेर खर्च गर्ने निर्णय गरियो ।

निर्णय नं. ४ - ~~सापटी~~ सापटी उपलब्ध गराउने सम्बन्धमा: धरान खानेपानी व्यवस्थापन बोर्डबाट माग भई आए अनुसार उक्त बोर्डलाई तत्काल कार्य संचालनका लागि रु ५,०००००/- (पाँच लाख मात्र) सापटी उपलब्ध गराउने निर्णय गरियो ।

आजको बैठक विहान १० बजे समापन गरियो
माइन्युटकर्ता - भविराज शर्मा